बैठक संख्या : ०४

आज मिति २०८२ साल असोज २३ गते बिहीवार विहान ८:०० बजे विहादी गाउँपालिकाका अध्यक्ष श्री परविन गुरुङज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको वैठक गाउँकार्यपालिकाको बैठक कक्षमा देहाय बमोजिमको उपस्थितिमा बसी देहाय बमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिति :**

| | |
|---|---|
| श्री परविन गुरुङ | अध्यक्ष |
| श्री मिना शर्मा तिवारी | उपाध्यक्ष |
| श्री चित्र बहादुर गुरुङ | सदस्य |
| श्री गणेश शर्मा पौडेल | सदस्य |
| श्री गणेश प्रसाद पराजुली | सदस्य |
| श्री विष्णु प्रसाद भुसाल | सदस्य |
| श्री खिम बहादुर थापा | सदस्य |
| श्री मन बहादुर बस्याल | सदस्य |
| श्री सविता गुरुङ | सदस्य |
| श्री विस्नु भुसाल | सदस्य |
| श्री यमकला नेपाली | सदस्य |
| श्री कमला कुमारी परियार | सदस्य |
| श्री तुलसी कुमारी सुनार | सदस्य |
| श्री माया वि.क. | सदस्य |
| श्री थमन बहादुर रेश्मी | सदस्य सचिव |

**अन्य उपस्थिति :**

| | |
|---|---|
| श्री सुरेन्द्र पोखरेल | सहायक लेखा अधिकृत |
| श्री सन्तोष सुवेदी | सहायक कम्प्यूटर अधिकृत |

**निर्णय नं १ :** विहादी गाउँपालिका १ नं. वडाको आर्थिक वर्ष २०८१।०८२ को जस्ता र सिंचाई तथा खानेपानी पाइप खरिद कार्यक्रमको रु ९६,५६१/- अक्षेरुपी छयानब्बे हजार पाँच सय एकसट्ठी रुपैयाँको भूक्तानी असफल भएकाले सो रकम गत आर्थक वर्ष २०८१।०८२ को कर, राजश्व, धरौटी लगायत अनुदान फिर्ता शीर्षकबाट भूक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. २ :** आर्थिक वर्ष २०८२।०८३ को वार्षिक नीति बजेट तथा कार्यक्रम स्वीकृतिको लागि मिति २०८२।०३।२६ मा सम्पन्न विहादी गाउँपालिकाको १७ औँ गाउँसभा अधिवेशनको खाना तथा खाजा वापतको रकम भूक्तानी गर्न आर्थिक वर्ष २०८१।०८२ को बजेट भूक्तानी २०८२।०३।२५ गते नै बन्द भएकाले सभा संचालनको रकम रु २६,१००/- अक्षेरुपी छब्बीस हजार एक सय रुपैयाँ मात्र चालु आ.व. २०८२।०८३ को गाउँसभा संचालन खर्च शीर्षकबाट भूक्तानी गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३ :** आर्थिक वर्ष २०८१।०८२ मा संचालन भएको राष्ट्पति रनिङ सिल्ड प्रतियोगितामा खर्च भएको रकम मध्ये भूक्तानी हुन बाँकी रहेको रकम रु २,१०,०००/- अक्षेरुपी दुई लाख दश हजार मात्र चालु आर्थिक वर्ष २०८२।०८३ को आ.व. २०८१।०८२ को राष्ट्रपति रनिङ सिल्ड प्रतियोगिताको भूक्तानी बाँकी शिर्षकबाट भूक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ४ :** विहादी गाउँपालिका अन्तर्गत पर्ने कालिगण्डकी नदीमा रहेका विभिन्न घाट तथा बगरहरुमा रहेको नदिजन्य पदार्थ ढुंगा, गिट्टी, बालुवा विक्रिको लागि साविकको वातावरणीय अध्ययन प्रतिवेदनको आधारमा प्राविधिक कर्मचारीहरुद्वारा हालको मौजदात परिमाण नापजाँच गरि पेश गरेको प्रतिवेदनको आधारमा ठेक्का प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

**निर्णय नं. ५ :** विहादी गाउँपालिका ३ नं. वडा रानीपानीमा चिस्यान केन्द्र निर्माण गर्ने प्रयोजनार्थ निर्माण भएको भवनको जग्गा व्यक्तिको नामबाट विहादी गाउँपालिकाको नाममा नामसारी भईसकेकोले उक्त भवन निर्माणको भूक्तानी हुन बाँकी रकम भूक्तानी गर्ने निर्णय गरियो ।